# महान्यायाधिवक्ताको कार्यालय

(...............कर्मचारी प्रशासन शाखा)

रामशाहपथ, काठमाडौं


पत्र संख्या :- ०७८/०७९

चलानी नं. :- ११२२

मिति :- २०७८।०९।२८

<u>विषय: परिपत्र ।</u>

श्री उच्च सरकारी वकील कार्यालय,सबै ।

श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं ।

प्रस्तुत विषयका सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंको च.नं.प्र./३११/३५०९ मिति २०७८।०९।१६ को पत्रको प्रतिलिपि यसै पत्र साथ संलग्न राखि पठाइएको छ ।व्यहोरा सोहि पत्रवाट अवगत गरी आ-आफनो कार्यालय तथा मातहत कार्यालयहरुवाट निर्वाचन सम्बन्धी कार्यमा आवश्यक सहयोग उपलव्ध गराउनुहुन निर्णयानुसार जानकारीको लागि अनुरोध गरिन्छ ।

..............................
(संजीवराज रेग्मी)
सहन्यायाधिवक्ता

C:\Users\user\Google Drive\Bishnu Sir PC\आ.व.२०७८।७९\पत्रहरु\पत्र १.docx


☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(प्रशासन शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या : ०७८-७९
च.नं. : प्र./३११/२८०९

मिति: २०७८/०९/१६

विषय: <u>निर्णय कार्यान्वयन सम्बन्धमा।</u>

श्री महान्यायाधिवक्ताको कार्यालय,
रामशाहपथ।

निर्वाचन आयोगको च.नं.१७५/०७८-७९, मिति २०७८/०९/०९ को पत्रमार्फत् सो आयोगको मिति २०७८/०९/०५ मा बसेको बैठक संख्या १००/२०७८ बाट देहाय बमोजिमको निर्णय भएकोले यस कार्यालय मार्फत् सम्बन्धित निकायहरूलाई आवश्यक सहयोगका लागि पत्राचार गर्न अनुरोध भई आएको हुँदा आवश्यक कार्यान्वयनका लागि पठाइएको व्यहोरा श्रीमान् मुख्यसचिवज्यूको निर्देशानुसार अनुरोध छ।

**<u>देहाय:</u>**

**"नेपालको संविधान तथा निर्वाचन सम्बन्धी कानून बमोजिम निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने कार्य एवम् निर्वाचन प्रयोजनको लागि मतदाताको नामावली तयार गर्ने कार्यमा आवश्यक पर्ने कर्मचारी र अन्य सहयोग नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट उपलब्ध गराउने संवैधानिक एवम् कानूनी व्यवस्थाको पूर्णरूपमा पालना गर्न गराउन तथा निर्वाचन सम्बन्धी कार्यमा आवश्यक सहयोग उपलब्ध गराउन भनी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत् तत् तत् निकायमा पत्राचार गर्न लेखी पठाउने।"**

(झविन्द्र प्रसाद पाण्डेय)
शाखा अधिकृत

टेलिफोन : ४९७१०००, ४९७१००१, ४९७१०२५, ४९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np